मिति २०७५/०४/१७ वैठक संख्याः २६

आज मिति २०७५/०४/१७ गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

| | | |
|---|---|---|
| १) | श्री बुद्धि प्रसाद भुसाल | प्रशासन शाखा |
| २) | विष्णु प्रसाद नेपाल | कार्यक्रम शाखा |

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २४ मिति: २०७५।०४। १७

प्रस्तावहरु

१) समीक्षा

२) अस्पताल लेल देन संझौता, संचालन र दरवन्दी माग

३) देउपुर खेलकुद मैदान तथा पार्क निर्माण प्रक्रिया

४) अध्ययन भ्रमण - हरिद्वार

५) संगठन संरचना

६) पाले पहरा, सव ईन्जिनियर करारमा काम लगाउने

७) फोहर मैला सेवा शुल्क, फोहर मैला उठाउने प्रक्रीया

८) टोल विकास संस्था सूचिकृत

९) IEE रिपोर्ट

१०) विद्युतीय हाँजिरीको शुरुवात

११) वडा नं ५मा जग्गा प्राप्ती भएको

१२) डि.पि.आर.

१३) स्वास्थ्य चौकी भवन वडा नं. ५

१४) जग्गा प्राप्ती गर्ने

१५) गलेश्वर आश्रमलाई किरीया पुत्री भवन निर्माण सहमति

निर्णयहरु

बैठक संख्या २४ का प्रस्तावहरु माथी छफल गर्दा तपसिल अनुसारका निर्णयहरु गरियो ।

१) आ.व. २०७४।०७५ को वार्षिक समीक्षा सम्पन्न भएको जानकारी भयो ।

२) गलेश्वर आश्रमले चर्चि भोगी आएको करिव १० रोपनी जग्गाको कम्पाउण्डीङ्ग भवनमा गलेश्वर आश्रमबाट सञ्चालित धर्मार्थ अस्पताल यस गाउँपालिकालाई हस्तान्तरण गरि लिने दिने संझौताको काम सम्पन्न भयो । कम्पाउण्ड वाहिर गाउँपालिकाले संरक्षण गरि आएको सार्वजनिक जग्गा ६ रोपनी गरी जम्मा १६ रोपनी जग्गामा उक्त ठाउँमा गाउँपालिका स्तरीय अस्पताल संचालन गर्न जग्गा र भवनको पूर्वाधार पर्याप्त हुने भएकोले गाउँपालिका स्तरीय अस्पताल संचालन गर्ने र गाउँपालिका स्तरीय अस्पताल संचालनको लागी स्विकृति र सो अनुसारको दरवन्दी कायम गरी जन शक्तीको व्यवस्था गरिदिनको लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त जग्गा अस्पतालको नाममा कायम गरिदिनको लागी सम्बन्धित निकायलाई अनुरोध गरि लेखी पठाउने निर्णय गरियो ।

३) देवघाट धार्मिक क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागी गाउँपालिकाले सम्भावनाको खोजी गरिरहेको सन्दर्भमा गायत्रीतीर्थ शान्तिकुञ्ज हरिद्धारवाट हरिद्धारमा भ्रमणमा आउन निमन्त्रणा आएकोले देवघाट धार्मिक क्षेत्रको थप विकास

गर्न र अनुकरणीय अनुभव हाँसिल गर्न र भगिनी सम्वन्धको प्रस्ताव राख्ने सम्वन्धमा स्थलगत अध्ययन अवलोकन गर्न उपयुक्त भएकोले गाउँ कार्यपालिकाका अध्यक्षको नेतृत्वमा एक टोली हरिद्धार जाने निर्णय गरियो ।

४) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट माग भए अनुसार अन्तरिम संगठन एवं दरवन्दी व्यवस्थापनमा केही परिवर्तन गरी तपसिल अनुसार तयार गरिएको देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत दरवन्दी तेरिज प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

तपसिल

**देवघाट गाउँपालिकाको कार्यालय अन्तर्गत दरवन्दी तेरिज (जनसंख्याः १६,८६०)**

**गाउँपालिकातर्फः**

| पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा आवश्यक | कैफियत |
|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | रा.प. तृतीय | ० | १ | १ | कार्यरत |
| शाखा अधिकृत | रा.प. तृतीय (शिक्षा) | १ | ० | १ | कार्यरत |
| ईन्जिनियर | रा.प.तृतीय (सिभिल ईन्जिनियरिङ्ग) | १ | ० | १ | कार्यरत |
| नायब सुब्बा | रा.प. अन. प्रथम (प्रशासन) | ० | ६ | ६ | १ जना मात्र कार्यरत |
| नायब सुब्बा | रा.प. अन. प्रथम (न्याय) | ० | १ | १ | रिक्त |
| नायब सुब्बा | रा.प. अन. प्रथम (शिक्षा) | ० | १ | १ | रिक्त |
| महिला विकास निरिक्षक | रा.प.अन.प्रथम | ० | १ | १ | रिक्त |
| लेखापाल | रा.प.अन.प्रथम | ० | १ | १ | कार्यरत |
| आन्तरिक लेखा परीक्षक | रा.प.अन.प्रथम | ० | १ | १ | रिक्त |
| सब इन्जिनियर (सिभिल ईन्जिनियरिङ्ग) | रा.प.अन.प्रथम(प्रा.) | २ | ० | २ | रिक्त (अत्यन्त दुर्गम स्थानहरु रहेको क्षेत्र भएकोले अन्तरिम संगठन संरचनामा थप १ जना माग) |
| सब इन्जिनियर (आर्किटेक्ट) | रा.प.अन.प्रथम(प्रा.) | १ | ० | १ | रिक्त |
| सह लेखापाल | रा.प.अन.द्बितिय | ० | १ | १ | रिक्त |
| उर्जा तथा वातावरण अधिकृत (ईलेक्ट्रीकल ईन्जिनियर) | रा.प. तृतिय (प्रा.) | १ | ० | १ | अधिक क्षेत्र विद्युतिकरण नभएकोले अन्तरिम संगठन संरचनामा थप माग गरिएको |
| | जम्मा | ६ | १३ | १९ | |

**वडा कार्यालय तर्फः**

| पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| नायब सुब्बा | रा.प.अन.प्रथम | ० | १ | १ | |
| सव इन्जिनियर | रा.प.अन.प्रथम (प्रा.) | १ | ० | १ | |
| | जम्मा | १ | २ | २ | |
| | वडा संख्या | ५ | | | |

५) अर्को व्यवस्था नभए सम्म तथा स्थायी पद पुर्ति नभए सम्म चार जना नगर प्रहरी र सव ईन्जिनियरलाई करारमा काम लगाउने निर्णय गरियो ।

६) सहभागितात्मक रुपवाट फोहरमैला व्यवस्थापन गर्नको लागी तपसिल अनुसार फोहर मैला सेवा शुल्क तोक्ने निर्णय गरियो ।

तपसिल

क) टोलका प्रति आवासीय घरलाई मासिक रु. २०।

ख) टोलका प्रति व्यवसायी घरलाई मासिक रु. ४०।

ग) टोलका प्रति ठूला होटललाई मासिक रु. १००।

ग) आश्रमलाई मासिक रु. १००।

यसरी उठेको रकमको २० प्रतिशत रकम सम्बन्धित टोललाई वातावरण र सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्न, प्रशासनिक खर्च गर्नको लागी उपलब्ध गराउने निर्णय गरियो ।

८) टोल विकास संस्थालाई दर्ता भएकाले आफ्नो विधान सहित र दर्ता नभएकाले साधारण सभाको निर्णय सहित गाउँपालिकामा सूचिकृत गर्ने गराउने निर्णय गरियो ।

९) स्थानीय वासीन्दाको राय, माग, भौगोलिक अवस्थाको संवेदनशिलता तथा वातावरणीय असर समेतलाई ध्यान दिई तयार पारिएको IEE रिपोर्ट अनुसार तपसिलको स्थानमा तपसिल अनुसारको पमिाणकों ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र ढुवानी गर्ने, गर्न दिने र सो अनुसार IEE रिपोर्ट स्विकृति गरिदिन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

तपसिल

| स्थान | उत्खनन् पमिाण (घ.मि.) |
|---|---|
| १) त्रिशुली नदी भुवनटार | ६१२५० |
| २) त्रिशुली नदी सेतीभतेरी | ६४८०० |
| ३) कालीगण्डकी नदी भुवनटार | ६७००० |
| ४) कालीगण्डकी नदी कालीभतेरी | ६६३०० |

साथै उपरोक्तानुसारको परिमाण भन्दा वढी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र ढुवानी गर्न नदिन प्रभावकारी नियन्त्रण र अनुगमनको व्यवस्था मिलाउने निर्णय गरियो ।

१०) गाउँपालिकामा सुशासन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विद्युतीय हाँजिरीको शुरुवात गर्ने नीति अनुरुप २०७५।०४। १७ गते वाट विद्युतीय हाँजिरीको शुरुवात भएको जानकारी भयो ।

११) ५ नं. वडा कार्यालय नजिक चन्द्रप्रकाश दवाडीले भोग चलन गरि आएको १ रोपनी क्षेत्रफको जग्गा प्राप्ती गरि लिने निर्णय गरियो ।

१२) तपसिल अनुसारका वडाहरुको तपसिल अनुसारका क्षेत्रहरुमा विद्युतीकरणको लागी डि.पी.आर. (DPR) गर्ने निर्णय गरियो ।

तपसिल

| न. | ठाउँको नाम |
|---|---|
| | भतेरी,वर्षाखोला,कालीकाटार,कोटा,बसेनीटार,सालडाँडा, |
| १ | चन्दुली,झाक्रीखोप,बेमेरेश्वारा,आपँटार,गोपीटार,वर्षाखोला,भुजेलगाँउआसपासको क्षेत्र |
| | तालबारी,डाँडागाँउ,आमडाँडा,खानेभित्ता,कोटबैदी,बेसारदी |
| २ | दरैटार,व्यागन,डिही,कुसुण्डे,नरम,छेरङ्गा,छापडाँडा,सिम्लेक,गोचकोट्टा,भट्टीटोल,खाल्टेआसपासको क्षेत्र |
| ३ | वाटोक,लुङग्रिन,बोटगाउँ आसपासको क्षेत्र |
| | आमडाँडा,वेशीगाँउ,माथिगाउँ,मोहोरिया,चामनवेशी,दुईघरे,आईलिम,काफलडाँडा,काफलश्वारा, |
| ४ | सार्वाङ,पार्लाङ,चारघरे,सिउडीश्वारा,ज्यामिरे,वास्पानी,आग्रीडाँडा,भुवनवस्ती,चनौटे,डड्डाघारी,ज्यामिरे,वापुस,कर्तप,वेलसौरा आसपासको क्षेत्र . |
| ५ | तल्लो बगन्दी,फोस्रेपानी,क्वादी,माथिल्लो बगन्दी आसपासको क्षेत्र . |

साथै शाली ग्राम करीडोरमा पर्ने बन्चरे पहाड फुटाई सडक विस्तार गर्न उक्त ठाउँमा डि.पी.आर. (DPR) गर्ने निर्णय गरियो ।

१३) देवघाट गाउँपालिका वडा नं. ५ (साविक देंवघाट गा.वि.स. वडा नं. २) स्वास्थ्य चौकी र ५ नं.वडा कार्यालयले भोग चलन गरि आएको तथा कार्यालय संचालन भईरहेको करिव १० रोपनी क्षेत्रफल जग्गा रहेको स्थानमा रहेको स्वास्थ्य चौकी २०७२ सालको भुकम्पवाट क्षति भई जिर्ण भएकोले नयाँ स्वास्थ्य चौकी भवन निर्माणको लागी सम्बन्धित मन्त्रालयमा यस अघि पनि अनुरोध गरी लेखी पठाईएकोमा सोही स्थानको ५ रोपनी जग्गामा नयाँ स्वास्थ्य चौकी भवन निर्माणको लागी पुन सम्बन्धित मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

१४) गाउँ कार्यपालिकाको कार्यालय भवन बनाउनका लागी वडा नं. ५ कयूदीमा रहेको करिव २५ रोपनी क्षेत्रफलको जग्गा यस देवघाट गाउँपालिकाको नाममा कायम गरिदिनको लागी सम्बन्धित निकायलाई अनुरोध गरि लेखी पठाउने निर्णय गरियो ।

१५) गलेश्वर आश्रमलाई किरीया पुत्री भवन निर्माण गर्न सहमति दिने निर्णय गरियो ।